आज मिति २०८० साल बैशाख १३ गते बुधबारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो।

**आ.व. ०७९।८०　　वैठक सङ्ख्या:१४　　समय: ११:०० बजे　　स्थान: गाउँपालिका भवन**

| क्र.स | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान वहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुंवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | ~~श्री रमेश राज खरेल~~ का. वा. श्री रतन तामाङ | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केसारमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री विष्णु प्रसाद सुवेदी | |

सहजकर्ता कर्मचारी:

१. रुपक अधिकारी

२. यज्न कुमार वस्नेत

सहयोगी कर्मचारी:

१. दिलिप कुमार भुजेल

**प्रस्ताव न.१: अघिल्लो कार्यपालिका वैठकको समिक्षा तथा प्राप्त परिपत्रहरु जानकारी सम्बन्धमा**

निर्णय न.१: प्रस्ताव न. १ माथि छलफल गर्दा मिति २०७९ चैत्र ८ गते बसेको १३ औं कार्यापलिका वैठकको समिक्षा गरियो। साथै विभिन्न मन्त्रालय,विभाग र प्रदेश कार्यालयबाट प्राप्त भए बमोजिमका परिपत्रहरुको जानकारी प्राप्त भयो।

**प्रस्ताव न.२ : कार्यविधि तर्जुमा सम्बन्धमा**

निर्णय न. २: प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिकाको दैनिक कार्यसञ्चालन गर्न, गाउँपालिका भित्र रहेका खेतीयोग्य जमिनको महत्तम उपयोग गर्न र निजी क्षेत्रले लागनी गर्ने वातावरण निर्माणका लागि देहाय बमोजिको ऐन तथा कार्यविधीको आवश्यकता देखिएकाले सो को तर्जुमा गर्न विधायन समितिमा पेश गर्ने निर्णय गरियो ।

क. भूमि बैङ्क सम्बन्धी
ख. कार्यसञ्चालन निर्देशिका सम्बन्धी
ग. सरकारी निजी साझेदारी सम्बन्धी
घ. मुहान दर्ता सम्बन्धी कार्यविधी

**प्रस्ताव न.३: वन व्यवस्थापन सम्बन्धमा**

निर्णय न.३ : प्रस्ताव न. ३ माथि छलफल गर्दा वन पैदावार प्राप्त हुने रोयल्टीलाई प्रभावकारी रुपमा संकलन गर्ने, वन क्षेत्रमा लाग्ने गरेको डंढेलो नियन्त्रण गर्नका लागि सम्बन्धित क्षेत्रका नागरिकहरुलाई सचेत गराउने र जनचेतना फैलाउने कामको लागि भुम्लु गा.पा, वडा कार्यालय,विद्यालय, प्रहरी कार्यालयहरु, टोल सुधार समिती लगायतका सार्वजनिक क्षेत्रहरु विचमा सहकार्य गर्ने निर्णय गरियो ।यसका लागि

- स्थानिय सञ्चार माध्यमबाट जानकारी मूलक सूचना प्रकाशन गर्ने
- वन क्षेत्रको संरक्षणका लागि वडा कार्यालयहरुमा कार्यक्रम गर्ने
- जानी जानी आगो लगाउनेलाई नियन्त्रणमा लिई कारबाहीको लागि सिफारिस गर्ने

**प्रस्ताव न.४: कृषि यन्त्र खरिद सम्बन्धमा**

निर्णय न. ४: प्रस्ताव न.४ माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०७९।११।१८ मा वसेको १२ औं गाउँकार्यपालिकाको वैठकबाट कृषकहरुको माग बमोजिम कृषि यन्त्र खरिदमा ५० प्रतिशत (आन्तरिक स्रोत) अनुदान कार्यक्रम अन्तरगत १ कृषक १ मिनिटेलर तथा कन सेलर र कोदो हार्भेष्टिङ्ग मेसिन खरिद गरी गाउँपालिकाबाट सो कृषि सामाग्रीहरुको लागि मुल्यको ५० प्रतिशत ७ एच.पी क्षमताको प्ट्रोल इन्जिन भएको मिनिटेलरलाई अधिकतम रु.२२,५००।- र डिजेल इन्जिन भएको मिनीटेलरको अधिकतम रु.३४,०००।– कनसेलरलाई अधिकतम रु.६,०००।- कोदो हार्भेस्टिङ्ग मेसिनलाई रु.३०,०००।– न्यूनतम दररेट निर्धारण भएकोमा सो निर्णय बमोजिमको कार्य गर्नका लागि वडाबाटै सम्झौता तथा कायदिश प्रदान गर्ने गरी प्रमुख प्रशसकीय अधिकृतलाई निर्देश गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ५ : गाउँपालिकाको छाप संशोधन गर्ने सम्बन्धमा**

निर्णय न. ५: प्रस्ताव न.५माथि छलफल गर्दा भुम्लु गाउँपालिकाले हाल प्रयोगमा रहेको छापमा पालिकाको सम्पूर्ण विवरण नभएको तथा अन्य स्थानीय तहले प्रयोग गर्दै आएको छापको ढाँचासँग एकरुपता हुने गरी संशोधन गरी भुम्लु गाउँपालिका, गाउँकार्यापलिकाको कार्यालय, सल्ले, काभ्रेपलाञ्चोक , बागमती प्रदेश, नेपाल उल्लेख गरी सम्बन्धीत निकायहरुलाई जानकरी गराउने निर्णय गरियो । साथै परिवर्तित छापलाई आगामी गाउँसभाबाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

शान्ती चमेली कुमारी



CamScanner

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०७९।८० बैठक सङ्ख्या:१४ मिति २०८०, बैशाख १३

प्रमाणित
विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
२०८०।१।१२

प्रस्ताव न. ६: आर्थिक सहायता सम्बन्धमा

निर्णय न. ६: प्रस्ताव न.६माथि छलफल गर्दा भुम्लु गाउँपालिका भित्र बसोबास गर्ने वडा कार्यालयको सिफारिसका आधारमा आर्थिक रुपले विपन्न देखिएका तपशिल बमोजिमका नागरिकहरुलाई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

आर्थिक सहायता प्राप्त गर्नेको नामावली

| क्र.स. | नाम र थर | ठेगाना | आर्थिक सहायता गर्नुपर्ने कारण | आर्थिक सहायताको गर्ने रकम |
|---|---|---|---|---|
| १ | इश्वरी तामाङ | भुम्लु-१० | आर्थिक अवस्था कमजोर भएको साथै सिमान्तकृत समुह को भएकाले निजलाई सहयोग गर्नुपर्ने भनी वडा कार्यालयको सिफारिस प्राप्त भएको | रु.१५,०००।- |
| २ | सुनमाया तामाङ | भुम्लु-१० | आर्थिक अवस्था दयनीय, कमजोर भएको र औषधी उपचार गर्ने निकै कठीन भएको भनी वडा कार्यालयको सिफारिस प्राप्त भएको | रु.१५,०००।- |
| ३ | माया तामाङ | भुम्लु-१० | आर्थिक अवस्था कमजोर भएकाले निजलाई सहायता प्रदान गर्ने भन्ने वडाको सिफारिस प्राप्त भएको | रु.३०,०००।- |
| ४ | बिसाल पहरी | भुम्लु-२ | आर्थिक अवस्था कमजोर रहेको र पटक-पटक औषधी उपचार गर्नुपर्ने भएकाले निजलाई आर्थिक सहायता उपलब्ध गराईदिनु भन्ने वडाको सिफारिस | रु.२०,०००।- |
| ५ | प्रेम बहादुर लामा | भुम्लु-१० | आर्थिक अवस्था कमजोर रहेको र पटक-पटक औषधी उपचार गर्नुपर्ने भएकाले निजलाई आर्थिक सहायता उपलब्ध गराईदिनु भन्ने वडाको सिफारिस | रु.१५,०००।– (मिति २०८०।०१।०७ मा भुक्तानी भैसकेकाले सो भुक्तानीलाई अनुमोदन गर्ने।) |
| ६ | तिलमाया श्रेष्ठ | भुम्लु-१ | आर्थिक अवस्था कमजोर रहेको र पटक-पटक औषधी उपचार गर्नुपर्ने भएकाले निजलाई आर्थिक सहायता उपलब्ध गराईदिनु भन्ने वडाको सिफारिस | रु.२०,०००।- |

प्रस्ताव न. ७ : निशुल्क रुपमा वितरण गरिने औषधी विद्युतिय माध्यमबाट प्रतिष्पर्धात्मक रुपमा खरिद गर्ने सम्बन्धमा

निर्णय न. ७: प्रस्ताव न. ६ माथि छलफल गर्दा यस गाउँपालिका भित्र रहेका अस्पताल र स्वास्थ्य चौकीहरुबाट निशुल्क वितरण गरीने रु.१ करोड बराबरका औषधीहरु विद्युतिय माध्यमबाट खरिदका लागि प्रक्रिया अगाडी बढाइने निर्णय गरियो ।

प्रस्ताव न. ८ : एम्बुलेन्स खरिदको लागि स्रोत सुनिश्चित गर्ने सम्बन्धमा

निर्णय न. ८: प्रस्ताव न. ८ माथि छलफल गर्दा राजश्व छुटमा एम्बुलेन्स खरिद गर्न हाल कुनै शिर्षकमा बजेट व्यवस्था नभएकोले हेभी इक्युप्मेन्ट शिर्षकबाट खर्च लेख्ने गरी स्रोत सुनिश्चित गर्ने र सो को अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ९: भुम्लु आधारभुत अस्पताल निर्माणको म्याद थप गर्ने सम्बन्धमा

निर्णय न. ९ : प्रस्ताव न. ९ माथि छलफल गर्दा भुम्लु आधारभुत अस्पतालको ठेक्काको म्याद थप सम्बन्धमा खानी निर्माण सेवा, रामेछापले मिति २०७९।११।२१ मा निवेदन पेश गरी १८ महिना अवधीको म्याद थप माग

भएकोमा आवश्यक छलफलका लागि सम्बन्धित निर्माण व्यवसायीलाई गाउँपालिकामा बोलाउने निर्णय गरियो ।

**प्रस्ताव न. १०: सवारी साधन व्यवस्थापन गर्ने सम्बन्धमा**

निर्णय न.१०: प्रस्ताव न १० माथि छलफल गर्दा वडा कार्यालयमा रहेका पुराना दुई पाङ्ग्रे सवारी साधन गाउँपालिकामा फिर्ता गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो । साथै सवारी साधन सञ्चालनका लागि भुम्लु गाउँपालिका कार्यसञ्चालन निर्देशिका बमोजिम गर्नका लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ११: विविध**

निर्णय न. ११ : निर्णयहरुः

क. भुम्लु गाउँपालिका वडा न. ८ निवासी पूर्व श्रम राज्यमन्त्री श्री गोविन्द नाथ उप्रेतीको उपचारका लागि गाउँपालिकाबाट आवश्यक आर्थिक तथा अन्य खर्च व्यहोर्ने निर्णय गरियो ।

ख. भुम्लु आधारभुत अस्पतालका नाममा प्राप्त हुने जग्गाको रजिष्ट्रेसन लागि लिखत तयार गर्दा लाग्ने शुल्क गाउँपालिकाको विविध खर्च बाट व्यहोर्ने निर्णय गरियो ।

ग. भुम्लु गाउँपालिका वडा न. १ र २ का सिँचाई पाइपको माग भई आएकाले वडा कार्यालयबाट प्राप्त सिफारिस तथा गाउँपालिकाको स्रोतलाई आधार मानी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

घ. आगामी १५ औं कार्यापालिका वैठकमा प्रगति विवरण सहित शाखा प्रमुखहरुलाई कार्यपालिका वैठकमा उपस्थितिको लागि जानकारी गराउने निर्णय गरियो ।

ङ. भुम्लु २ मा देउराली डाँडा लप्सेफेदी - पहरी वस्ती जोड्का लागि नयाँ झोलुङ्गे पुल निर्माणका गर्ने र निर्माण प्रक्रिया अगाडी बढाउनका सस्पेन्सन वृज डिभिजन,कार्यालय ललिपुरमा सहयोगका लागि पत्राचार गर्ने निर्णय गरियो ।



CamScanner

भुम्लु गाउँकार्यपालिकाको बैठक आ.व: २०७९।८० बैठक सङ्ख्या:१४ मिति २०८० बैशाख १३

प्रस्ताव न. १२ : प्राविधिक समिति गठन गर्ने सम्बन्धमा

निर्णय न.१२: प्रस्ताव न. १२ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवन भुम्लु-५ मा रहेको मानेडाँडामा निर्माण गर्ने निर्णय भएकोले सो को निर्माणका लागि आवश्यक पर्ने संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गर्ने र कार्यसूचि समेत तयार गरी सिफारिस गर्न भुम्लु गाउँपालिकाले जारी गरेको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७७ को परिच्छेद-५ को दफा-१४ अनुसार देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

क) श्री रुपक अधिकारी योजना शाखा प्रमुख : संयोजक

ख) श्री साकार अधिकारी इन्जनियर : सदस्य

ग) श्री धन बहादुर वयक सव-इन्जिनियर: सदस्य

आमन्त्रित:

क) देवराज घिमिरे सव-डिभिजन वन कार्यालय प्रमुख